मिति:२०८२।०९।१८ गाउँ कार्यपालिकाको बैठक संख्या:२०८२।०८३-०३

आज मिति २०८२।०९।१८ गते शुक्रबारका दिन विहान ११.०० बजे शान्तिनगर गाउँपालिकाका अध्यक्ष श्री प्रमोद बस्नेत ज्यूको अध्यक्षतामा एवं तपशिलका सदस्यहरूको उपस्थितीमा अध्यक्षको कार्यकक्षमा शान्तिनगर गाउँपालिका गाउँ कार्यपालिकाको आ.व. २०८२।०८३ को तेस्रो बैठक बसी देहायका प्रस्तावहरू छलफल गरी निर्णय गरियो।

उपस्थिति:

| | | | | |
|---|---|---|---|---|
| | १ | अध्यक्ष | श्री प्रमोद बस्नेत | गाउँपालिका अध्यक्ष |
| | २ | उपाध्यक्ष | श्री प्रेमा कुमारी बुढाथोकी | गाउँपालिका उपाध्यक्ष |
| | ३ | सदस्य | श्री जंग बहादुर पुन | १ नं. वडा अध्यक्ष |
| | ४ | सदस्य | श्री सुनिल वली | २ नं. वडा अध्यक्ष |
| | ५ | सदस्य | श्री मिन बहादुर के.सी. | ३ नं. वडा अध्यक्ष |
| | ६ | सदस्य | श्री गोमान बहादुर वली | ४ नं. वडा अध्यक्ष |
| | ७ | सदस्य | श्री ओपेन्द्र बहादुर रावत | ५ नं. वडा अध्यक्ष |
| | ८ | सदस्य | श्री शेर बहादुर भण्डारी | ६ नं. वडा अध्यक्ष |
| | ९ | सदस्य | श्री तारा बहादुर वली | ७ नं. वडा अध्यक्ष |
| | १० | सदस्य | श्री मीना न्यौपाने | २ नं. वडा सदस्य |
| | ११ | सदस्य | श्री पार्वती घर्ती | ३ नं. वडा सदस्य |
| | १२ | सदस्य | श्री रन्जिता बोहोरा | ४ नं. वडा सदस्य |
| | १३ | सदस्य | श्री राजकुमारी चौधरी | ५ नं. वडा सदस्य |
| | १४ | सदस्य | श्री सदिक्षा चुनारा | कार्यपालिका सदस्य |
| | १५ | सदस्य | श्री झुपलाल नेपाली | कार्यपालिका सदस्य |
| | ~~१६~~ | सचिव | श्री भेषराज चन्द | प्रमुख प्रशासकीय अधिकृत |
| | १६. | सदस्य | श्री लोक बहादुर ओली | ६ नं. वा.वा. [illegible] |
| | | | **सहयोगी कर्मचारी** | |
| | १ | सचिवालय सहयोगी (प्रशासकीय अधिकृत) | पुरन चन्द्र आचार्य | शान्तिनगर गाउँपालिका |
| | २ | लेखा अधिकृत | धन बहादुर वली | शान्तिनगर गाउँपालिका |
| | ३ | स.क.अ | काश्मिर भण्डारी | शान्तिनगर गाउँपालिका |
| | | | | |

मिति २०८२।०५।१५ गतेको गाउँ कार्यपालिकाको बैठकमा शान्तिनगर गाउँपालिका गाउँ कार्यपालिकाको (कार्य सम्पादन) नियमावली, २०७४ को दफा ८(३) र ९ (१) बमोजिम प्रमुख प्रशासकीय अधिकृत ज्यूबाट प्रस्तुत गरिएको प्रस्तावहरू:

**प्रस्तावहरू**

१. हिंउदे गाउँसभाको मिति तय सम्बन्धमा।

२. योजना तथा कार्यक्रम संसोधन सम्बन्धमा।

३. सहकारी संस्था संचालन अनुमति सम्बन्धमा।
४. विनियम संसोधन सम्बन्धमा।
५. समपुरक र विशेष अनुदान तर्फका योजना छनौट गर्ने सम्बन्धमा।
६. तराई मधेश सम्बृद्धि कार्यक्रमका योजना माग गर्ने सम्बन्धमा।
७. गाउँपालिकाको प्रशासकीय भवनको लागि जग्गा प्राप्ती सम्बन्धमा।
८. ३ नं. वडा कार्यालयको भवन निर्माणका लागि जग्गा प्राप्ती सम्बन्धमा।
९. नदिजन्य पदार्थको ठेक्का रद्द गर्ने सम्बन्धमा।
१०. २ नं. वडाको ऐलानी जग्गा भोगचलन सम्बन्धमा।
११. विविध

निर्णय नं. १. शान्तिनगर गाउँपालिका गाउँसभाको ११ औ अधिवेशनको पहिलो बैठक मिति २०८२।०९।२४ गते बस्ने गरि आह्वान गरियो।

निर्णय नं. २. वडागत तथा पालिका स्तरिय तपशिल बमोजिमका योजनाहरूको रकमान्तर तथा श्रोतान्तर सम्बन्धी प्रस्ताव स्वीकृत गरी आगामी गाउँसभामा पेश गर्ने,

निर्णय नं. ३. शान्तिनगर गाउँपालिका वडा नं. १ स्थित सृजना कृषि सहकारी संस्था शान्तिनगर १ दुविचौरलाई सहकारी दर्ता तथा संचालन अनुमति प्रदान गर्ने,

निर्णय नं. ४. शान्तिनगर गाउँपालिका अन्तर्गत श्री वयाले कृषि सहकारी संस्था लि. शान्तिनगर ३ पातेटाकुराको सहकारी संस्था विनियम,२०६८ को पहिलो संसोधन २०८२ लाई शान्तिनगर गाउँपालिका सहकारी ऐन, २०७४ बमोजिमको संसोधन प्रस्ताव पारित गर्ने,

निर्णय नं. ५. राष्ट्रिय योजना आयोगबाट मिति २०८२।०८।२६ मा प्रकाशित प्रदेश सरकार र स्थानीय तहमा आ.व. २०८३।०८४ का लागि संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना अनुसार आ.व. २०८३।०८४ को लागि यस गाउँपालिकामा संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरू र प्रदेश सरकारबाट प्रदान गरिने समपुरक तथा विशेष अनुदानको लागि तपशिल बमोजिम प्राथमिकिरण गरि आयोजना/कार्यक्रमहरू माग गर्ने निर्णय गरियो।

<u>संघीय समपुरक अनुदान योजना तर्फ</u>

१) भलानेटी बस्तिखोला हुँदै सुन्दरादेवी मन्दिर जाने सडक कालोपत्रे वडा नं. ३
२) गिधनिया हिरापुर मालेचौतारी अँधेरे हुँदै केराघारी जाने सडक कालोपत्रे वडा नं. ४ र ३
३) खिलतपुर बगिया बाघखोर सडक कालोपत्रे वडा नं. १

मिति:२०८२।०९।१८ गाउँ कार्यपालिकाको बैठक संख्या:२०८२।०८३-०३

संघीय विशेष अनुदान योजना तर्फ

१) बबई नदिको पानी लिफ्टिङ यान्त्रिक सिंचाइ आयोजना वडा नं. ४,५,६ र ७

२) बुराडाबर कोइरालडाँडा खाने पानी पाइप बिस्तार आयोजना वडा नं. ७

३) अमुवा खानेपानी मुहान स्रोत संरक्षण आयोजना वडा नं. २

प्रदेश समपुरक अनुदान योजना तर्फ

१) शान्तिनगर गाउँपालिका वडा नं. २ रातिपोखरी वन कार्यालयबाट विष्णुपुर हुँदै शान्तिनगर ५ स्वास्थ्य कार्यालयसम्म सडक स्तरोन्नती

२) लङ्गेवा सुण्डवरी हुँदै खानेपानी ट्याङ्की जाने सडक कालोपत्रे शान्तिनगर-६

३) मिडवयष्ट बोडिङ हुँदै बुराडाबर जाने सडक कालोपत्रे शान्तिनगर-७

प्रदेश विशेष अनुदान योजना तर्फ

१) भित्री खोला सिंचाई ड्याम निर्माण शान्तिनगर-३

२) वडा नं. ४ को पातेटाकुस खोलामा तटबन्धन

३) माइलीपानी खानेपानी उपभोक्ता समिति अन्तर्गत संचालन रहेको खानेपानी योजनाको लागि मालेचौपारी क्षेत्रमा ओभरहेड ट्याङ्की निर्माण

**निर्णय नं. ६** आगामी आ.व. २०८३।०८४ लागि यस गाउँपालिकामा तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने तपशिल बमोजिमका आयोजना/कार्यक्रमहरू प्राथमिकताका आधारमा छनौट गरी माग गर्ने निर्णय गरियो।

तराई मधेश समृद्धि कार्यक्रम तर्फ

१) जुम्लेकुला फुटवल चउर देखि सुन्दरचोक हुँदै वुद्द मा.वि. जोड्ने सडक कालोपत्रे शान्तिनगर -४

२) डाँडा तिलवारि हुँदै बबई नदि जाने सडक कालोपत्रे शान्तिनगर-६

**निर्णय नं. ७.** शान्तिनगर गाउँपालिकाको प्रशासकीय भवनको केन्द्र निर्धारण सम्बन्धी मापदण्ड,२०७५ बमोजिम आवश्यक ३०५२ वर्ग मिटर हुनुपर्नेमा गाउँपालिकाको नाममा दर्ता श्रेस्ता जग्गा ३०४७.६६ वर्ग मिटर रहेको हुँदा अपुग हुन आएको जग्गा प्राप्तिको लागि आवश्यक प्रकृया अगाडि बढाउने,

**निर्णय नं. ८.** दाङ जिल्ला शान्तिनगर गाउँपालिका वडा नं. ४ निवासी भुपाल कामीको नाति लोक बहादुर कामीको छोरा गोविन्द बहादुर विश्वकर्माले भोगचलन गर्दै आइरहेको शान्तिनगर गाउँपालिका वडा नं. ३ मा पर्ने बाघमारे-तुलसीपुर सडकदेखि पश्चिम, जिवराज भण्डारीको घरदेखि दक्षिण तर्फ, तुलाराम खड्काको घरदेखि उत्तर तर्फ र चिराघाट खोला देखि पूर्व तर्फ चार किल्ला भित्र पर्ने अन्दाजि ०-३-१० जग्गा मध्ये ३ मिटर बाटो रहने गरी ०-१-० जग्गामा ३ नं. वडा कार्यालयको वडा भवन निर्माण गर्नको लागि भोगाधिकार प्राप्त गर्ने प्रयोजनको लागि सिफारिस गरी आवश्यक प्रकृयामा जाने ,

[illegible]

प्रमोद बस्नेत
अध्यक्ष

**निर्णय नं. ९** मिति २०८२।०८।०५ गतेको कार्यपालिका बैठकको निर्णय बमोजिम तपशिलका खोला तथा नदिहरूको घाट क्षेत्रको नदिजन्य पदार्थको उत्खनन् तथा विक्रि प्रयोजनका लागि आह्वान भएको बोलपत्रको सम्पुर्ण प्रकृया रद्द गरी राष्ट्रपति चुरे संरक्षण समितिबाट अनुमति प्राप्त भए पश्चात मात्र बोलपत्र आह्वान गर्ने,

| क्र.सं. | खोला तथा नदिको नाम | क्षेत्र |
|---|---|---|
| १ | बबई | कोर्वाङ घाट |
| २ | बबई | देविपुर घाट |
| ३ | बहुला खोला | विष्णुपुर घाट |
| ४ | बहुला खोला | काँसिपुर घाट |
| ५ | बान्द्रे खोला | झोलुङ्गे पुल घाट |
| ६ | बागर खोला | खडकपुर घाट |
| ७ | च्याटी खोला | खिलतपुर घाट |
| ८ | केराघारी खोला | केराघारी घाट |

**निर्णय नं. १०.** २ नं. वडा कार्यालको मिति २०८२।०१।२१ गतेको प्राप्त निर्णय पत्र बमोजिम साविक बाघमारे-४ विष्णुपुरको गारतारा बौलाहा खोलामा रहेको ऐलानी जग्गा भोगचलन गरिरहेका कर्ने दमाइ, लिलाधर खड्का, कृष्ण बहादुर वली र नन्दकली नकालको नाममा कायम गरि आगामी प्रकृया अगाडि बढाउने गरी भूमिहीन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित, बमोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८१ को दफा १२ (१) बमोजिम तय गर्ने,

**निर्णय नं. ११.१** शान्तिनगर गाउँपालिका वडा नं ५ मा भुमिहिन सुकुम्बासि, भुमिहिन दलित र अव्यवस्थित बसोबासि सम्बन्धि मिति २०८२।०९।१७ गतेको वडा समितिको तपशिल बमोजिमका निर्णय परित गर्ने ,

क) शान्तिनगर गाउँपालिका वडा नं. ५ अन्तर्गत भुमिहिन सुकुम्बासि, भुमिहिन दलित र अव्यवस्थित बसोबासिहरू प्रमाणित गर्नको लागि फिल्डमा खटिई प्राप्त विवरण अनुसार र निवेदक आफैले सो-घोषणा गरेको प्रमाण तथा भुमिहिन सकुम्बासि र भुमिहिन दलित तर्फ संकलन भएका जम्मा ३६ वटा निवेदन मध्ये जम्मा ३० वटा र अव्यवस्थित बसोबासी अन्तर्गत संकलन भएका जम्मा ३४२ वटा निवेदन प्रमाणित भएको,

ख) शान्तिनगर गाउँपालिका वडा नं. ५ अन्तर्गत भुमिहिन सुकुम्बासी, भुमिहिन दलितको व्यवस्थापनको लागि कुनै पनि सार्वजनिक जग्गा(खल्यान, खोला तिर, बुट्यान नभएको जंगल) ५ नं. वडा भित्र नरहेको,

ग) शान्तिनगर गाँपालिका वडा नं. ५ अन्तर्गत भुमिहिन सुकुम्बासी, भुमिहिन दलित र अव्यवस्थित बसोबासीको जम्मा ३७८ निवेदन संकलन भएको र ती संकलित विवरण उपर कहि कतै बाट हकदाविको उजुरी नपरेको,

मिति:२०८२।०९।१८

गाउँ कार्यपालिकाको बैठक संख्या:२०८२।०८३-०३

निर्णय नं. ११.२. शान्तिनगर गाउँपालिकाको मिति २०८२।०५।१५ गतेको निर्णयानुसार सेवा करारमा अ.हे.व. पदमा मिति २०८२।०५।१७ गते गाउँपालिकाबाट सूचना आह्वान गरिएकोमा शान्तिनगर गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ अनुसार गाउँपालिकाको पदपुर्ती समितिको व्यवस्था भएकोमा उक्त पदको पदपुर्ती समितिमा देहाय बमोजिमको पदपुर्ति समिति गठन गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम, थर | पद | पदपुर्ती समिति | कै |
|---|---|---|---|---|
| १. | पुरन चन्द्र आचार्य | प्रशासकीय अधिकृत | संयोजक | |
| २. | धन बहादुर ओली | लेखा अधिकृत | सदस्य | |
| ३. | राज कुमार न्यौपाने | स्वास्थ्य अधिकृत | सदस्य | |